## प्रदेश सभा

# सार्वजनिक लेखा समिति

## वार्षिक प्रतिवेदन आ.व. २०७७/०७८

**प्रदेश सभा सचिवालय**

**गण्डकी प्रदेश**

**पोखरा, नेपाल**

**फोन नं. ०६१-५३२२५५**

# मन्तव्य

मानननीय सभामुखज्यू,

प्रदेश सभा, गण्डकी प्रदेशका विधायन समितिका पूर्व सभापति तथा समितिका ज्येष्ठ सदस्य माननीय मोहन प्रसाद रेग्मीज्यूको अध्यक्षतामा मिति २०७८ साल भदौ ३१ गते बसेको सार्वजनिक लेखा समितिको ३९ औं बैठकबाट सर्वसम्मत रुपमा निर्वाचित भै म रोशन गाहा थापाले माननीय सभामुखज्यू समक्ष शपथ ग्रहण गरी सार्वजनिक लेखा समिति, प्रदेश सभा, गण्डकी प्रदेशको सभापतिको रुपमा जिम्मेवारी वहन गरिआएको लगभग एक वर्ष पूरा हुन लागेको छ। यस अवधिमा सार्वजनिक लेखा समितिको १० वटा बैठकहरु बसिसकेको छ। सार्वजनिक लेखा समितिद्वारा यस अगावै ३ वटा उपसमितिहरु क्रमशः सार्वजनिक लेखा समितिको कार्यविधि निर्माण उपसमिति, माननीय मन्त्रीज्यूहरुद्वारा उपयोग हुने ईन्धन सुविधा सम्बन्धी अध्ययन गर्न गठन उपसमिति तथा गण्डकी प्रदेश काउ फर्म अध्ययन प्रतिवेदन निर्माण सम्बन्धी उपसमिति गठन गरी कार्य सम्पन्न भईसकेको छ। हाल समितिका सदस्य माननीय विकास लम्सालज्यूको संयोजकत्वमा बेरुजु फर्छ्यौंट उपसमिति पुर्नगठन गरी सो समिति कार्यरत छ। सो समितिको २ वटा बैठक बसी बेरुजु फर्छ्यौंट सम्बन्धी प्रकृया अगाडि बढाइएको छ। यसै सिलसिलामा यस समितिले महालेखा परीक्षकको प्रतिवेदन २०७८ को अध्ययन गरी सम्बन्धित मन्त्रालयहरु/निकायहरुसँग जवाफ विवरण माग गर्ने आवश्यक निर्देशन दिने जस्ता कार्य सम्पन्न गरेको छ।

हालै २०७९ बैशाख महिनामा स्थानीय तहको निर्वाचन भएकोले सबै माननीयज्यूहरुको आ-आफ्नो निर्वाचन क्षेत्रमा सक्रियता बढाउनु पर्ने भएको हुँदा र विभिन्न कारणहरुले गर्दा समितिका पदाधिकारी एवम् कर्मचारीहरुलाई आवश्यक पर्ने तालीम २०७८ साल चैत्र महिनामा नै सम्पन्न गर्न नसकिए पनि २०७९ साल ज्येष्ठ महिनामा सफलतापूर्वक सम्पन्न गरिएको छ। सो तालिममा अत्यन्त महत्वपूर्ण कुराहरु विज्ञ द्वय श्री भवनाथ दाहाल तथा श्री

बाबुराम गौतमबाट उपयोगी एवम् अत्यन्त महत्वपूर्ण प्रस्तुती दिनुभएको जानकारी म यस सम्मानित सदन समक्ष अवगत गराउन चाहन्छु।

माननीय सभामुखज्यू ,

मिनि पार्लियामेन्टका रुपमा चिनिने प्रदेश सभामा गठित समितिको क्रियाशीलता, कार्यकुशलता र प्रभावकारिताले प्रदेश सभाको अस्तित्व, गरिमा र मर्यादा कायम गर्न सघाउ पुर्याउँछ। समितिको क्रियाशिलता जति सशक्त हुन्छ त्यति नै प्रदेश सरकारलाई सदन र जनता प्रति उत्तरदायी र जवाफदेहि बनाउन बल पुग्छ। राज्यकोषको खर्च नियमानुसार आर्थिक अनुशासन भित्र रही कानून बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्नु गर्न लगाउनु सार्वजनिक लेखा समितिको प्रमुख कार्य एवम् दायित्व पनि हो र यस समितिले त्यही अनुसार आफ्नो गतिविधिलाई अगाडी बढाई रहेको छ ।

माननीय सभामुखज्यू,

हालसम्मको मेरो अनुभवमा संसदीय समितिले बोलाएको समयमा सरकारका मन्त्री र कर्मचारी उपस्थित हुने, समितिको निर्देशन अनुसार समयमै समितिलाई जानकारी गराउने अभ्यास हामीले गरिरहेकै पाएको छु। त्यस्तै गरी यस सार्वजनिक लेखा समितिको उद्देश्य प्रदेश सरकारका मन्त्रालय वा अन्तर्गतका कुनै कार्यालयबाट हुन सक्ने गलत कार्यलाई रोक्ने र सत्कार्यमा सरकारलाई सचेत गराउँदै सहयोगीको रुपमा रही हालसम्म हाम्रो समितिले आफ्नो कार्य प्रदेश सरकारले गरेको राम्रो काममा सहयोग र बाटो बिराएको खण्डमा सही दिशा देखाउनेदेखि लिएर कर्तव्यबोध गराउनेतिर अग्रसर रहेको जानकारी पनि गराउन चाहन्छु। साथै मलाई लाग्छ कि प्रदेश सभा र प्रदेश सरकारको सकारात्मक सहकार्यले गण्डकी प्रदेशलाई सर्वश्रेष्ठ प्रदेश बनाउने साझा गन्तव्यमा पुग्न सकिन्छ ।

अन्त्यमा,

आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन यस गरिमामय सदनमा पेश गरिरहँदा गौरवान्वित महसुस गरिरहेको छु। यस समितिलाई अभिभावकत्व

प्रदान गर्नु हुने माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै समितिको प्रत्येक बैठकमा अनुशासित रुपमा उपस्थित भई आफ्नो बहुमूल्य समय र महत्वपूर्ण सल्लाह, सुझाव व्यक्त गर्नु हुने माननीय सदस्यज्यूहरु, समय समयमा यस समितिमा सहभागि भई सहयोग गर्नु हुने माननीय महालेखा परीक्षकज्यू, महालेखा परीक्षक कार्यालयका कर्मचारीहरु, यस प्रदेश सभाका सचिव, यस समितिका सचिव र कर्मचारीहरु, मर्यादापालकहरु, सुरक्षाकर्मीहरु तथा संचारकर्मीहरु लगायत प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्नु हुने सबै प्रति आभार प्रकट गर्न चाहन्छु।

माननीय सभामुखज्यू, गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ उपनियम ७ बमोजिम सम्मानित सभा समक्ष यो प्रतिवेदन प्रस्तुत गर्दछु।

मा. रोशन बहादुर गाहा थापा
सभापति
सार्वजनिक लेखा समिति

# विषयसूची


## परिच्छेद : १
## प्रारम्भिक

| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ समितिको गठन र कार्यक्षेत्र | २ |
| १.३ समितिको काम कर्तव्य र अधिकार | २—४ |
| १.४ कार्यविधि र प्रक्रिया | ४—५ |
| १.५ सिमा | ५ |
| १.६ प्रतिवेदनको संरचना | ५ |

## परिच्छेद : २
## सम्पादित कार्यहरु

| | |
|---|---|
| २.१ समितिको बैठक, निर्णय तथा निर्देशन | ६-१३ |
| २.२ उपसमितिको गठन, बैठक, निर्णय तथा निर्देशन | १३-१५ |

## परिच्छेद : ३
## निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी

| | |
|---|---|
| ३.१ निर्णय/निर्देशन कार्यान्वयनको अवस्था | १५-२० |
| ३.२ कार्यसम्पादनमा देखा परेका समस्या | २० |

## परिच्छेद : ४
## निष्कर्ष, सुझाव तथा सिफारिस

| | |
|---|---|
| ४.१ निष्कर्ष | २१ |
| ४.२ सुझाव तथा सिफारिस | २१ |

अनुसूची - १

सार्वजनिक लेखा समितिबाट आ.व.२०७७/०७८ मा भए गरेका कार्यहरुको केही झलक

# परिच्छेद (१)

# प्रारम्भिक

## १.१ पृष्ठभूमिः-

नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखि नै सुरुवात भएको पाइन्छ। २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो ।

मिनि पार्लियामेन्टका रुपमा चिनिने प्रदेश सभामा गठित समितिको क्रियाशीलता, कार्यकुशलता र प्रभावकारिताले प्रदेश सभाको अस्तित्व, गरिमा र मर्यादा कायम गर्न सघाउ पुऱ्याउँछ। समितिको क्रियाशिलता जति सशक्त हुन्छ त्यति नै प्रदेश सरकारलाई सदन र जनता प्रति उत्तरदायी र जवाफदेहि बनाउन बल पुग्छ। अतः समितिको प्रभावकारिताले निश्चित रुपमा प्रदेश सभाको प्रभावकारितामा अभिवृद्धि गर्छ। समितिले आफ्नो कार्यक्षेत्र भित्रका सरकारी निकायहरुको नीति, योजना, कार्यक्रम एवम् बजेट परिचालन आदिका सम्बन्धमा निगरानी गरी आवश्यक निर्देशन दिने गर्दछन्। त्यस्तै, आवश्यकतानुसार स्थलगत अनुगमन तथा कार्य उपलब्धिको मूल्याङ्कन गरी कार्यान्वयनको सिलसिलामा उत्पन्न समस्याको समाधानमा समेत सहयोग पुऱ्याउँदछ। आर्थिक सुशासन, विनियोजित बजेटको मितव्ययी र प्रभावकारी कार्यान्वयनको नियमित एवम् सम्पूर्ण निगरानीको माध्यमबाट प्रदेशमा सन्तुलित दिगो विकास र समृद्धि हासिल गर्न समितिले महत्वपूर्ण भूमिका खेल्नु पर्दछ। प्रदेश सभाका समितिहरुले सभाको अधिवेशन नचलेको अवस्थामा पनि आफ्ना काम कारवाही सुचारु रुपमा संचालन गर्ने, प्रदेश सरकारले गरेका विकास निर्माणको अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव दिनुका साथै प्रदेशको समसामयिक घटनाक्रमको बारेमा पनि सुक्ष्म रुपमा छलफल गरी सरकारलाई आवश्यक राय, सल्लाह, सुझाव र निर्देशन दिने गर्दछन्।

संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जबाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि गण्डकी प्रदेश, प्रदेश सभा नियमाबली, २०७४ को नियम १४६ बमोजिम गठन भएको विषयगत समितिहरु मध्ये सार्वजनिक लेखा समिति एक महत्वपूर्ण समिति हो ।

राज्यकोषको खर्च नियमानुसार र कानून बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो ।

## १.२ समितिको गठन र कार्यक्षेत्रः-

संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सभाले नियमावली बमोजिम आवश्यकता अनुसार विषयगत समिति र विशेष समिति गठन गर्न सकिने प्रावधान रहेको छ । त्यस्तै प्रदेश सभा नियमाबली, २०७४ को नियम १४५ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि विषयगत समिति र विशेष समिति गठन गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुरुप नियम १४६ बमोजिमका कार्यक्षेत्र भएका देहायका विषयगत समितिहरु गठन गरिएका छन्।

१. विधायन समिति,

२. सार्वजनिक लेखा समिति,

३. प्रदेश मामिला समिति

४. अर्थ तथा विकास समिति ।

गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ क्र.सं. २ अनुसार सार्वजनिक लेखा समितिलाई तोकिएका कार्यक्षेत्रहरु निम्न छनः-

**"प्रदेश लोक सेवा आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन, महालेखा परीक्षकको वार्षिक प्रतिवेदन र सार्वजनिक लेखा सम्बन्धी ।"**

## १.३ समितिको काम, कर्तव्य र अधिकारः—

गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ (तेस्रो संशोधन) अनुसार विषयगत समितिहरु मध्ये सार्वजनिक लेखा समितिले गर्नु पर्ने कार्यहरुः-

१. मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, श्रोतपरिचालन, व्यवस्थापन र अन्य यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

२. विषयसँग सम्वन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।

३. प्रदेश सरकारद्धारा समय-समयमा गठन हुने छानविन आयोग–समितिद्धारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्वन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।

४. मन्त्रालय, निर्देशनालय र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्वन्धमा आबश्यक निर्देशन दिने ।

५. सभाले सुम्पेको अन्य काम गर्ने ।

६. समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम संचालन गर्ने ।

(२) उपनियम (१) बमोजिम विषयगत समितिले कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा निर्देशनालय, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञसँग समेत छलफल गर्न सक्नेछ ।

७. विषयगत समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सु-व्यवस्थित ढङ्गले बहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्नेछन् ।

८. सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखा परीक्षकद्वारा भएगरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनु पर्ने काम कारबाही कानून सङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

९. समितिको कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृति लिई आवश्यक स्थानको भ्रमण गर्न सक्नेछन् ।

१०. उपनियम (५) बमोजिम स्वीकृति माग गर्दा त्यसरी भ्रमण गर्नुपर्ने कारण स्पष्ट खुलाईएको हुनुपर्नेछ ।

११. यस नियम बमोजिम समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरू प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्नेछन् ।"

उल्लेखित् काम, कर्तव्य र अधिकारको प्रयोग गरी कार्यसम्पादन गर्दा समितिले सम्वन्धित मन्त्रालय तथा निर्देशनालय, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञसँग समेत छलफल गर्न सक्ने, आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सुव्यवस्थित ढंगले वहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने, कुनै विशेष अवस्थामा उपसमिति गठन गरी त्यस उपसमितिले सुम्पिएको कार्य पूर्ण गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने, विशेष अवस्थामा विशेष बैठक बस्ने, समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृति लिई आवश्यक स्थानको भ्रमण गर्न सक्ने र बैठकमा प्रस्तुत गर्नुपर्ने। वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगाबै र अन्य प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्ने जस्ता व्यवस्थाहरु रहेका छन् ।

## १.४ कार्यविधि र प्रक्रियाः—

नेपालको संविधान, प्रदेश सभा नियमावली, २०७४ र सो अन्तर्गत तर्जुमा गरिएको सार्वजनिक लेखा समितिको कार्यविधि, २०७५ बमोजिम समितिले आफ्नो नियमित कार्य सम्पादन गर्दै आएको छ। समितिको कार्य सम्पादनको सिलसिलामा आवश्यकतानुसार प्रदेश सरकारका मन्त्री, सचिव, विभागीय प्रमुख, सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालाहरुलाई समिति समक्ष आमन्त्रण गरी छलफल र अन्तर्क्रिया गर्ने गरेको छ। बैठकमा निर्णय लिँदा सहमतीय प्रक्रियालाई जोड दिँदै आएको छ ।

समितिको बैठक सम्बन्धित समितिको सभापतिले आवश्यकतानुसार बोलाउन सक्ने, बैठकको सभापतित्व सभापतिले वा निजको अनुपस्थितिमा समितिका ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ। साथै समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनु पर्ने व्यवस्था रहेको छ ।

समितिको बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिन सक्ने र समितिको निर्णय प्रमाणीकरण सभापतिले गर्ने व्यवस्था रहेको छ ।

समितिको निर्णयः (१) समितिको तत्काल कायम रहेको सदस्य संख्याको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

(२) समितिको बैठकको निर्णय सभापतिबाट प्रमाणित हुनेछ ।

सभापतिले उपयुक्त सम्झेमा समितिको आन्तरिक काम कारवाही सम्पन्न गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयमा अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्यहरु मध्येबाट उप-समिति गठन गर्न सकिने व्यवस्था छ ।

## १.५ सीमाः—

समितिमा उपयुक्त सभाकक्ष, सभापतिको कार्यकक्ष, आवश्यक बजेट, अपेक्षित जनशक्ति, सूचना प्रविधि र तथ्याङ्क, अध्ययन अनुसन्धान, अन्तर समिति समन्वय, पर्याप्त स्थलगत अवलोकन भ्रमण, सदस्य र कर्मचारीको क्षमता अभिवृद्धि जस्ता पक्षहरु कार्य सम्पादनको सिलसिलामा सिमाको रुपमा रहेका छन् ।

## १.६ प्रतिवेदनको संरचनाः—

प्रस्तुत प्रतिवेदनलाई चार वटा परिच्छेदमा विभाजन गरिएको छ ।

**परिच्छेद** (१) मा प्रारम्भिक अन्तर्गत पृष्ठभूमि, समितिको गठन र कार्यक्षेत्र, समितिको काम कर्तव्य र अधिकार, कार्यविधि र प्रक्रिया, सीमा तथा प्रतिवेदनको संरचना उल्लेख गरिएको छ।

**परिच्छेद** (२) मा सम्पादित कार्य अन्तर्गत समितिको बैठक, निर्णय तथा निर्देशन सम्बन्धी कार्य र अन्य कार्य प्रस्तुत गरिएको छ ।

**परिच्छेद** (३) मा निर्णय/निर्देशन कार्यान्वयनको अवस्था र कार्य सम्पादनमा देखा परेका समस्याहरु सम्बन्धमा उजागर गरिएको छ ।

**परिच्छेद** (४) मा निष्कर्ष, सुझाव तथा सिफारिस बारे उल्लेख गरिएको छ। प्रतिवेदनको अन्त्यमा अनुसूचीहरु समावेश गरिएको छ।

# परिच्छेद - २

# सम्पादित कार्यहरु

## २.१ समितिको बैठक, निर्णय तथा निर्देशन

आ.व. २०७७/०७८ को साउन महिनादेखि असार मसान्तसम्म कूल बैठक संख्या १२ वटा र उपसमिति "गण्डकी काउ फर्म अध्ययन एवं प्रतिवेदन निर्माण उपसमिति" को गठन भई ५वटा बैठक सम्पन्न भएको छ। यस अवधिमा सम्पन्न भएका बैठकहरुको निर्णयानुसार क्रमशः गण्डकी काउ फर्म एण्ड रिसर्च सेण्टरलाई शेयर खरिद वापत रकम दिने गरी भएको प्रदेश सरकारको निर्णय सम्बन्धमा थप विस्तृत अध्ययन, अनुसन्धान गरी प्रतिवेदन दिन एक उपसमिति गठन गर्ने निर्णय गरी मा. गायत्री गुरुङ्गको संयोजकत्वमा तीन सदस्यीय मा. खिम विक्रम शाही, सदस्य तथा मा. बिन्दु कुमार थापा, सदस्यको रुपमा रहने गरी १ महिनाको अवधिका लागि गठन भएको, उपसमितिलाई आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने अधिकार दिने निर्णय भएको, श्री भौतिक पूर्वाधार विकास मन्त्रालयलाई दिप भन्दा माथि इन्जिनियरिङ्ग क्याम्पसको नजिकै निर्माणाधीन कालोपत्रे सडक मापदण्ड बमोजिमको गुणस्तर कायम गरी निर्माण गरी प्रभावित चौतारो पूर्ववत् अवस्थामा ल्याए पश्चात् मात्रै सम्बन्धित निर्माण व्यवसायीलाई रकम भुक्तानी गर्नु हुन र कार्यसम्पन्न भएको जानकारी समितिलाई दिनुहुन निर्देशन दिने निर्णय गरियो। माननीय राजीव गुरुङ्गको अर्थ तथा विकास समितिबाट राजिनामा सम्बन्धी छलफल मिति २०७७/०४/१२ गते सम्पन्न भएको साथै सोही दिन मिति २०७७/०४/०८ विषय "अनुगमन गरी आवश्यक कारवाही गरी पाउँ, मिति २०७७/०४/१२ विषय "राजीनामाको स्पष्टीकरण सम्बन्धमा" भनि यस समितिलाई सम्बोधन गरी आएको कागजातको सम्बन्धित निकायसँग विवरण जानकारी माग गर्ने निर्णय गरियो। मिति २०७७/०६/०६ गतेमा मिति २०७७/०४/०५ गते "गण्डकी काउ फर्म एण्ड रिसर्च सेण्टर"लाई शेयर खरिद वापत रकम दिने गरी भएको प्रदेश सरकारको निर्णय सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिन गठित उपसमितिको प्रतिवेदन तयार गर्न समयाभाव भएको कारण समयावधि थप गर्न उपसमितिबाट निर्णय गरी अनुरोध भै आएकोले म्याद समाप्त भएका मितिबाट लागू हुने गरी डेढ महिना समयावधि थप गर्ने निर्णय गरियो। साथै मिति २०७७/०६/१२ गते भौतिक पूर्वाधार विकास मन्त्रीज्यू, सचिव, (भौतिक पूर्वाधार विकास मन्त्रालय), जिल्ला पूर्वाधार कार्यालयका प्रमुखहरूज्यूलाई "भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रम, आयोजनाको प्रक्रिया र मोडालिटी" सम्बन्धमा छलफल गर्न उपस्थितिका लागि पत्राचार गर्ने निर्णय गरियो। मिति २०७७/०६/१२ मा भौतिक पूर्वाधार मन्त्री श्री रामशरण बस्नेतको समुपस्थितिमा, सार्वजनिक

लेखा समितिको सभापति सहित सबै माननीय सदस्यहरु, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव र महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास निर्देशनालयका प्रमुख, जिल्ला पूर्वाधार कार्यालयका प्रमुख, जलश्रोत तथा सिंचाई डिभिजन कार्यालयका प्रमुख, महाशाखा प्रमुख खानेपानी तथा सरसफाई, जलश्रोत तथा उर्जा विकास महाशाखा प्रमुख, माननीय मन्त्रीज्यूको निजी सचिवालय सचिव, सार्वजनिक लेखा समितिका सचिव लगायत अधिकृत कर्मचारीहरुको उपस्थितिमा बैठक बसी भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रम, आयोजनाको प्रक्रिया र मोडालिटी तथा समितिको पहिलो बैठकदेखि भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धी गहन छलफल भएको। मिति २०७७/०६/१२ गतेमा यस भन्दा अगाडी समितिले गरेका निर्णय र कार्यान्वयनको स्थितिको बारेमा समितिका मा. सदस्यहरुलाई जानकारी गराइएको साथै यस समितिले गरेका निर्णयको कार्यान्वयनको स्थितिका सम्बन्धमा प्राप्त हुन नआएका विषयवस्तुहरु सम्बन्धमा पुनः सम्बन्धित निकायबाट कार्यान्वयनको स्थितिबारे जानकारी माग गर्ने। मिति २०७७/०६/१८ गतेको बैठकमा मिति २०७७/०६/२४ गते बजेट कार्यान्वयनको मोडालिटीको सम्बन्धमा छलफल र अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने, समितिलाई प्राप्त हुन आएको महालेखापरिक्षकको वार्षिक प्रतिवेदन, २०७७ को सम्बन्धमा अध्ययन गरि समितिमा प्रारम्भिक छलफलका लागि एजेण्डा तयार गर्न माननीय सभापतिज्यूलाई जिम्मेवारी दिने निर्णय भएको। गण्डकी काउ फर्म अध्ययन एवं प्रतिवेदन निर्माण उपसमितिले पेश गरेको अध्ययन प्रतिवेदन ग्रहण गरी समितिका माननीय सदस्यहरूलाई उपलब्ध गराइयो, प्राप्त प्रतिवेदन उपर अध्ययन गरी आगामी बैठकमा आ-आफ्नो धारणा प्रस्तुत गर्ने निर्णय गरियो। मिति २०७७/०६/१८ गते निर्धारित एजेण्डा माथि समितिका पदाधिकारी एवं अन्य सरोकारवालाहरु बिचको छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। सोही दिन समितिको छुट्टै बैठक बसी बजेट वक्तव्यको बुँदा १४९ अनुसार बजेटमा समावेश कार्यक्रमलाई तोकिएको समयमा सम्पन्न गर्न आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा सम्पूर्ण प्रकृया पूरा गरी कार्यान्वयनमा जाने व्यवस्थालाई पूर्णतया पालना गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने, आर्थिक वर्ष २०७६/०७७ को कन्टेन्जेन्सी वापत प्रदेश सरकारलाई प्राप्त भएको रकम र उक्त रकमको खर्च विवरण भौतिक पूर्वाधार विकास मन्त्रालयसँग माग गर्ने, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमहरूको कार्यान्वयनको मोडेलिटी निर्देशक समितिको निर्णय अनुसार गर्ने, विद्यमान कानूनी व्यवस्था अनुसार उपभोक्ता समिति काम गर्न इच्छुक भएमा समितिलाई नै प्राथमिकता दिन प्रदेश सरकारलाई निर्देशन दिने, कोरोनाकोषको जानकारी सामाजिक विकास मन्त्रालयसँग माग गर्ने आदि निर्णय गरेको। मिति २०७७/११/१४ सार्वजनिक लेखाको नीति निर्माण एवं कार्यान्वयनमा आई क्यानको भूमिका लगायत विविध पक्षहरु उपर छलफल एवं अनुभव आदान प्रदान सम्पन्न भयो। मिति २०७७/१२/१२ गते आई क्यान (इन्सटिटयूट अफ

चार्टेड अकाउण्टेण्टस एसोसिएसन अफ नेपालसँग छलफल गर्ने कार्यक्रम तय गर्न सचिवालयलाई जिम्मेवारी प्रदान गर्ने, कोरोनाकोषको सम्बन्धमा जानकारीका लागि कोरोनाकोषका जिम्मेवार पदाधिकारीलाई आमन्त्रण गरी छलफल गर्ने, महालेखा परिक्षकको कार्यालयले औल्याएका प्रदेश सरकारका विभिन्न निकायहरुको बेरुजु फछ्यौंट सम्बन्धी अध्ययन गर्न सार्वजनिक लेखा समितिका सभापतिको मा. कुमार खड्काको संयोजकत्वमा, मा. प्रभा कोइराला, सदस्य, मा. रामजी बराल, सदस्य गरी तीन सदस्यीय उपसमिति गठन गरियो, निर्णय नं. ३ बमोजिमको समितिको बैठकमा प्रमुख प्रदेश लेखा नियन्त्रकलाई आमन्त्रित गर्ने, उक्त समितिको बैठकमा सम्बन्धित क्षेत्रका विज्ञहरुलाई आमन्त्रित गर्ने, महालेखा परिक्षकको वार्षिक प्रतिवेदन २०७७ मा औल्याइएको विषयवस्तुको सम्बन्धमा सम्बन्धित मन्त्रालयसँग २०७७ कार्तिक मसान्तभित्र जानकारी माग गर्ने निर्णय गरियो। मिति २०७७/१२/२४ मा. सार्वजनिक लेखा समितिको २०७६/०७७ को वार्षिक प्रतिवेदन सर्वसम्मत रुपले पारित गरियो।

साथै महत्वपूर्ण लागेका तथा जनगुनासोको रुपमा पटक-पटक विभिन्न पत्र पत्रिकामा आई रहेको कुरा लाई सम्बोधन गर्न नितान्त आवश्यकता महसुस पछि नियमानुसार आवश्यकतानुसार बैठक बस्ने गरेको ।

उल्लेखित सन्दर्भमा, समितिका सम्पन्न बैठक, गरिएका निर्णय र निर्देशनको विवरण देहाय बमोजिम उल्लेख गरिएको छ ।

# समितिद्धारा सम्पन्न बैठकहरुको विवरण

## आ.व. २०७७/०७८ साउन महिनादेखि असारमसान्तसम्म

**बैठक संख्या :** (१) **मिति : २०७७।०४।०४**

**विहान : ११.०० बजे**

**छलफलको विषय :** १. गण्डकी काउ फर्म सम्बन्धमा ।

२. विविध ।

**निर्णय :-** १. बैठकको कार्यसूचीमा उल्लेखित विषयमा मिति २०७७/४/५ गतेको बैठकमा थप छलफल गर्ने।

**बैठक संख्या :** (२) **मिति : २०७७।०४।०५**

**समय : विहान ११.०० बजे**

**छलफलको विषय :** १. आ.व. २०७४/०७५ को म.ले.प. प्रतिवेदनको बेरुजु फछ्यौंट सम्बन्धमा।

२. विविध ।

**निर्णय** :- १. गण्डकी काउ फर्म एण्ड रिसर्च सेण्टरलाई शेयर खरिद वापत रकम दिने गरी भएको प्रदेश सरकारको निर्णय सम्बन्धमा थप विस्तृत अध्ययन, अनुसन्धान गरी प्रतिवेदन दिन एक उपसमिति गठन गर्ने।

२. उक्त उपसमिति देहाय बमोजिम गठन गर्नेः-

| | | |
|---|---|---|
| क. मा. गायत्री गुरुङ्ग | - | संयोजक |
| ख. मा. खिम विक्रम शाही | - | सदस्य |
| ग. मा. बिन्दु कुमार थापा | - | सदस्य |

३. उपसमितिलाई आफ्नो कार्य सम्पन्न गर्न १ (एक) महिनाको अवधि उपलब्ध गराउने।

४. उपसमितिलाई आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने अधिकार दिने।

५. श्री भौतिक पूर्वाधार विकास मन्त्रालयलाई दिप भन्दा माथि इन्जिनियरिङ्ग क्याम्पसको नजिकै निर्माणाधीन कालोपत्रे सडक मापदण्ड बमोजिमको गुणस्तर कायम गरी निर्माण गरी प्रभावित चौतारो पूर्ववत् अवस्थामा ल्याए पश्चात् मात्रै सम्बन्धित निर्माण व्यवसायीलाई रकम भुक्तानी गर्नु हुन र कार्यसम्पन्न भएको जानकारी समितिलाई दिनुहुन निर्देशन दिने।

**बैठक संख्या : (३)** **मिति : २०७७।०४।१२**

**समय : विहान ११.०० बजे**

**छलफलको विषय** : १. माननीय राजीव गुरुङ्गज्यूसँग छलफल सम्बन्धमा।

२. विविध ।

**निर्णय** :- १. माननीय राजीव गुरुङ्गज्यूसँग छलफल सम्पन्न भएको ।

२. मिति २०७७-०४-०८ विषय “अनुगमन गरी आवश्यक कारवाही गरी पाउँ, मिति २०७७-०४-१२ विषय “राजीनामाको स्पष्टीकरण सम्बन्धमा” भनि यस समितिलाई सम्बोधन गरी आएको कागजातको सम्बन्धित निकायसँग विवरण जानकारी माग गर्ने निर्णय गरियो।

**बैठक संख्या : (४)** **मिति : २०७७।०६।०६**

**विहान : ८.३० बजे**

**छलफलको विषय** : १. हालसम्म भएका उपसमितिको प्रगति सम्बन्धमा छलफल ।

२. विविध ।

**निर्णय** :- १. मिति २०७७।०४।०५ गते "गण्डकी काउ फर्म एण्ड रिसर्च सेण्टर"लाइ शेयर खरिद वापत रकम दिने गरी भएको प्रदेश सरकारको निर्णय सम्बन्धमा अध्ययन गरी

प्रतिवेदन दिन गठित उपसमितिको प्रतिवेदन तयार गर्न समयाभाव भएको कारण समयावधि थप गर्न उपसमितिबाट निर्णय गरी अनुरोध भै आएकोले म्याद समाप्त भएका मितिबाट लागू हुने गरी डेढ महिना समयावधि थप गर्ने ।

२. मिति २०७७।०६।१२ गते भौतिक पूर्वाधार विकास मन्त्रीज्यू, सचिव, (भौतिक पूर्वाधार विकास मन्त्रालय), जिल्ला पूर्वाधार कार्यालयका प्रमुखहरूज्यूलाई "भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रम, आयोजनाको प्रक्रिया र मोडालिटी" सम्बन्धमा छलफल गर्न उपस्थितिका लागि पत्राचार गर्ने ।

**बैठक संख्या : (५)** **मिति : २०७७।०६।१२**

**विहान : ११.०० बजे**

**छलफलको विषय :** १. भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रम, आयोजनाको प्रक्रिया र मोडालिटी ।

२. समितिको पहिलो बैठकदेखि भएका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा ।

३. विविध ।

**निर्णय :** १. एजेण्डा १ र २ माथि गहन छलफल गरेको।

**बैठक संख्या : (६)** **मिति : २०७७।०६।१२**

**दिनको : २.३० बजे**

**छलफलको विषय :** १. यस भन्दा अगाडी समितिले गरेका निर्णय र कार्यान्वयनको स्थितिको बारेमा जानकारी सम्बन्धमा ।

२. विविध ।

**निर्णय :** १. यस भन्दा अगाडी समितिले गरेका निर्णय र कार्यान्वयनको स्थितिको बारेमा समितिका मा. सदस्यहरुलाई जानकारी प्राप्त भयो ।

२. यस समितिले गरेका निर्णयको कार्यान्वयनको स्थितिका सम्बन्धमा प्राप्त हुन नआएका विषयवस्तुहरु सम्बन्धमा पुनः सम्बन्धित निकायबाट कार्यान्वयनको स्थितिबारे जानकारी माग गर्ने ।

**बैठक संख्या : (७)** **मिति : २०७७।०६।१८**

**विहान : ८.३० बजे**

**छलफलको विषय :** १. उपसमितिको प्रतिवेदन पेश गर्ने ।

२. मा. भौतिक पूर्वाधार विकास मन्त्रीज्यूसँग सम्पन्न बैठकको छलफल र निर्णय

३. यस भन्दा अगाडी समितिले गरेका निर्णय र कार्यान्वयनको स्थितिको बारेमा जानकारी सम्बन्धमा ।

४. विविध ।

**निर्णय नं.** १. मिति २०७७।०६।२४ गते बजेट कार्यान्वयनको मोडालिटीको सम्बन्धमा छलफल र अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने ।

२. समितिलाई प्राप्त हुन आएको महालेखापरिक्षकको वार्षिक प्रतिवेदन २०७७ को सम्बन्धमा अध्ययन गरी समितिमा प्रारम्भिक छलफलका लागि एजेण्डा तयार गर्न मा.सभापतिज्यूलाई जिम्मेवारी दिने ।

३. गण्डकी काउ फर्म अध्ययन एवं प्रतिवेदन निर्माण उपसमितिले पेश गरेको अध्ययन प्रतिवेदन ग्रहण गरी समितिका मा. सदस्यहरूलाई उपलब्ध गराइयो, प्राप्त प्रतिवेदन उपर अध्ययन गरी आगामी बैठकमा आ-आफ्नो धारणा प्रस्तुत गर्ने ।

**बैठक संख्या : (८)** **मिति : २०७७।०६।२४**

**विहान : ११.३० बजे**

**छलफलको विषय :** १. बजेट कार्यक्रमको मोडेलिटी सम्बन्धमा ।

२. विविध ।

**निर्णय नं. १.** आजको बैठकमा निर्धारित एजेण्डा माथि समितिका पदाधिकारी एवं अन्य सरोकारवालाहरु बिचको छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

**बैठक संख्या : (९)** **मिति : २०७७।०६।२४**

**दिनको : ३.२० बजे**

**छलफलको विषय :** १. बजेट कार्यक्रमको मोडेलिटी सम्बन्धमा भएको छलफलको विषयमा निर्णय गर्ने।

२. विविध ।

**निर्णय :** १. बजेट वक्तव्यको बुँदा १४९ अनुसार बजेटमा समावेश कार्यक्रमलाई तोकिएको समयमा सम्पन्न गर्न आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा सम्पूर्ण प्रकृया पूरा गरी कार्यान्वयनमा जाने व्यवस्थालाई पूर्णतया पालना गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने ।

२. आर्थिक वर्ष २०७६।०७७ को कन्टेन्जेन्सी वापत प्रदेश सरकारलाई प्राप्त भएको रकम र उक्त रकमको खर्च विवरण भौतिक पूर्वाधार विकास मन्त्रालयसँग माग गर्ने।

३. निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमहरूको कार्यान्वयनको मोडेलिटी निर्देशक समितिको निर्णय अनुसार गर्ने ।

४. विद्यमान कानूनी व्यवस्था अनुसार उपभोक्ता समिति काम गर्न इच्छुक भएमा समितिलाई नै प्राथमिकता दिन प्रदेश सरकारलाई निर्देशन दिने ।

५. कोरोनाकोषको जानकारी सामाजिक विकास मन्त्रालयसँग माग गर्ने ।

६. महालेखा परिक्षकको वार्षिक प्रतिवेदन २०७७ मा औल्याइएको विषयवस्तुको सम्बन्धमा सम्बन्धित मन्त्रालयसँग २०७७ कार्तिक मसान्तभित्र जानकारी माग गर्ने।

**बैठक संख्या : (१०)** **मिति :२०७७।११।१४**

**दिनको : २.०० बजे**

**छलफलको विषय :** १. सार्वजनिक लेखाको नीति निर्माण एवं कार्यान्वयनमा आई क्यानको भूमिका सम्बन्धमा। २. विविध ।

**निर्णय :** १. सार्वजनिक लेखाको नीति निर्माण एवं कार्यान्वयनमा आई क्यानको भूमिका लगायत विविध पक्षहरु उपर छलफल एवं अनुभव आदान प्रदान सम्पन्न भयो ।

**बैटक संख्या : (११)** **मिति : २०७७।१२।१२**

**विहान : ११.०० बजे**

**छलफलको विषय :** १. कोरोनाकोष

२. सार्वजनिक लेखा समितिको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन

३. विविध

**निर्णय :** १. आई क्यान (इन्सटिटयूट अफ चार्टेड अकाउण्टेण्टस एसोसिएसन अफ नेपाल) सँग छलफल गर्ने कार्यक्रम तय गर्न सचिवालयलाई जिम्मेवारी प्रदान गर्ने।

२. कोरोनाकोषको सम्बन्धमा जानकारीका लागि कोरोनाकोषका जिम्मेवार पदाधिकारीलाई आमन्त्रण गरी छलफल गर्ने ।

३. महालेखा परिक्षकको कार्यालयले औल्याएका प्रदेश सरकारका विभिन्न निकायहरुको बेरुजु फछ्यौंट सम्बन्धी अध्ययन गर्न सार्वजनिक लेखा समितिका सभापतिको संयोजकत्वमा देहाय बमोजिम हुने गरी उपसमिति गठन गर्ने ।

क. मा. कुमार खड्का, सभापति, सार्वजनिक लेखा समिति — संयोजक

ख. मा. प्रभा कोइराला, सदस्य, सार्वजनिक लेखा समिति — सदस्य

ग. मा. रामजी बराल, सदस्य, सार्वजनिक लेखा समिति — सदस्य

घ. श्री सूर्य प्रसाद अधिकारी, ले.अ., प्रदेश सभा सचिवालय — सहयोगी कर्मचारी

ङ. श्री जितेन्द्र जंग केसी, सचिव, सार्वजनिक लेखा समिति — सदस्य सचिव

४. निर्णय नं. ३ बमोजिमको समितिको बैठकमा प्रमुख प्रदेश लेखा नियन्त्रकलाई आमन्त्रित गर्ने।

५. उक्त समितिको बैठकमा सम्बन्धित क्षेत्रका विज्ञहरुलाई आमन्त्रित गर्ने ।

**बैठक सँख्या : (१२)** **मिति :२०७७।१२।२४**

**विहानः ११.०० बजे**

**छलफलको विषय :** १. सार्वजनिक लेखा समितिको आ.व.२०७६/७७ को वार्षिक प्रतिवेदन माथि छलफल र निर्णयार्थ प्रस्तुत ।

२. समितिको प्रभावकारिता सम्बन्धमा ।

३. विविध ।

**निर्णय :** १. सार्वजनिक लेखा समितिको २०७६/०७७ को वार्षिक प्रतिवेदन सर्वसम्मत रुपले पारित गरियो।

## गण्डकी काउ फर्म अध्ययन एवं प्रतिवेदन निर्माण उपसमिति सम्बन्धी भएको कार्यसम्पादन

## कूल बैठक संख्या-५, समिति गठन मितिः २०७७/०४/०५

**बैठक सँख्या : (१)** **मिति :२०७७।०४।१६**

**विहानः ९.०० बजे**

**छलफलको विषय :** १. गण्डकी काउ फर्म अध्ययन प्रतिवेदन सम्बन्धी कार्यविधि निर्माण तथा योजना माथि छलफल ।

२. विविध ।

**निर्णय :** १. बैठकको कार्यसूची उपसमितिलाई तोकिएको जिम्मेवारीमा केन्द्रित रहनेछ ।

२. संयोजकले बैठकको सभापतित्व गर्ने र आवश्यकतानुसार बैठकको आव्हान तथा अन्त्य हुनेछ।

३. उपसमितिको निर्णय सर्वसम्मतिले गर्ने र सर्वसम्मत हुन नसकेमा बहुमतबाट गर्नेछ ।

४. उपसमितिको बैठकमा आवश्यकतानुसार कुनै सरकारी निकाय, संघ, संस्थाका पदाधिकारी वा अन्य व्यक्तिलाई उपस्थित गराई जानकारी लिने वा कागजात माग गरी अध्ययन गर्ने ।

५. उपसमितिलाई आवश्यक पर्ने साधन श्रोत लगायतका विषयमा प्रदेश सभा सचिवालयसँग समन्वय गर्ने ।

६. उपसमितिले अध्ययन प्रतिवेदन तयार गर्दा आवश्यकतानुसार स्थलगत भ्रमण गरी जानकारी लिने ।

७. उपसमितिको अन्य काम, कर्तव्य, अधिकार बैठकको निर्णयानुसार हुने ।

८. अध्ययनका लागि श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्री दुग्ध विकास बोर्ड, श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र प्रस्तावित काउ फर्म कम्पनी रहने स्थानमा स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने ।

९. आज मिति २०७७/०४/१६ गते श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा र श्री दुग्ध विकास बोर्डमा छलफल गर्ने ।

**बैठक सँख्या : (२)** **मिति :२०७७।०४।२४**

**विहानः ८.०० बजे**

**छलफलको विषय : १.** हालसम्म भएका उपसमितिको प्रगति सम्बन्धमा छलफल।

२. विविध ।

**निर्णयः १.** गण्डकी काउ फर्म एण्ड रिसर्च सेण्टर प्रा.लि. स्थापना हुने भनिएको स्थान शुक्लागण्डकी न.पा.– १२, फिरफिरे, तनहुँ मा मिति २०७७-०४-३१ गते स्थलगत अवलोकन भ्रमण गर्ने निर्णय गरियो ।

**बैठक सँख्या : (३)** **मिति :२०७७।०६।०५**

**दिनकोः ३.३० बजे**

**छलफलको विषय : १.** हालसम्म भएका उपसमितिको प्रगति सम्बन्धमा छलफल।

२. विविध ।

**निर्णयः १.** मिति २०७७।०४।०५ गते गठित उपसमितिको प्रतिवेदन पेश गर्ने समयावधि मिति २०७७।५।३ गते सम्म तोकिएकोमा देशमा उत्पन्न विषम परिस्थितिका कारण तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेकोले थप समयका लागि सार्वजनिक लेखा समिति समक्ष अनुरोध गर्ने ।

**बैठक सँख्या : (४)** **मिति :२०७७।०६।०६**

**विहानः ८.००**

**बजेछलफलको विषय : १.** उपसमितिको कार्यावधि थपका लागि सार्वजनिक लेखा समितिमा अनुरोध गर्ने।

२. अध्ययन प्रगति प्रतिवेदन समिक्षा गर्ने ।

**निर्णयः** १. उपसमितिको कार्यविधि थपका लागि सार्वजनिक लेखा समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

२. अध्ययन प्रतिवेदनको प्रगति समिक्षा गरियो ।

**बैठक सँख्या : (५)** **मिति :२०७७।०६।१४**

**दिनकोः ३.०० बजे**

**छलफलको विषय : १.** समितिको काम कारवाहीलाई अन्तिम रुप दिने सम्बन्धमा।

२. विविध ।

निर्णयः १. उपसमितिको प्रतिवेदनलाई अन्तिम रूप दिई प्रतिवेदन समितिमा पेश गर्ने समय मिलाउन संयोजकज्यूलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

# परिच्छेद - ३

# निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी

## ३.१ निर्णय/निर्देशन कार्यान्वयनको अवस्था :-

समितिले आफ्नो कार्यक्षेत्र भित्रका आवश्यक विषयमा विभिन्न निर्णय लिने र निर्देशनहरु दिने गरेको छ । यसरी लिइएका निर्णयहरु एवं दिइएका निर्देशनहरु मध्ये अधिकांश कार्यान्वयन भएको अवस्था छ भने केही निर्णय तथा निर्देशनहरु कार्यान्वयन हुने प्रक्रियामा रहेका छन्। समितिबाट हालसम्म भएका निर्देशन र तिनको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| बैठक संख्या | मिति | निर्णय/निर्देशन | निर्णय/निर्देशन कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १. | मितिः २०७७।०४।०४ | बैठकको कार्यसूचीमा उल्लेखित विषयमा मिति २०७७/४ / ५ गतेको बैठकमा थप छलफल गर्ने। | भएको । |
| २. | मितिः २०७७।०४।०५ | १. गण्डकी काउ फर्म एण्ड रिसर्च सेण्टरलाई शेयर खरिद वापत रकम दिने गरी भएको प्रदेश सरकारको निर्णय सम्बन्धमा थप विस्तृत अध्ययन, अनुसन्धान गरी प्रतिवेदन दिन एक उपसमिति गठन गर्ने।<br>२. उक्त उपसमिति देहाय बमोजिम गठन गर्नेः-<br>क. मा. गायत्री गुरुङ्ग-संयोजक<br>ख. मा. खिम विक्रम शाही-सदस्य<br>ग. मा. बिन्दु कुमार थापा-सदस्य<br>३. उपसमितिलाई आफ्नो कार्य सम्पन्न गर्न १ (एक) महिनाको अवधी उपलब्ध गराउने। | उपसमिति गठन गरिएको। |

| | | | |
|---|---|---|---|
| | | ४. उपसमितिलाई आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने अधिकार दिने।<br>५. श्री भौतिक पूर्वाधार विकास मन्त्रालयलाई दिप भन्दा माथि इन्जिनियरिङ्ग क्याम्पसको नजिकै निर्माणाधीन कालोपत्रे सडक मापदण्ड बमोजिमको गुणस्तर कायम गरी निर्माण गरी प्रभावित चौतारो पूर्ववत् अवस्थामा ल्याए पश्चात् मात्रै सम्बन्धित निर्माण व्यवसायीलाई रकम भुक्तानी गर्नु हुन र कार्यसम्पन्न भएको जानकारी समितिलाई दिनुहुन निर्देशन दिने। | भौतिक पूर्वाधार विकास मन्त्रालयलाई पत्राचार गरिएको। |
| ३. | मितिः २०७७।०४।१२ | १. माननीय राजीव गुरुङ्गज्यूसँग छलफल सम्पन्न भएको ।<br>२. मिति २०७७/०४/०८ विषय "अनुगमन गरी आवश्यक कारवाही गरी पाउँ, मिति २०७७-०४-१२ विषय "राजीनामाको स्पष्टीकरण सम्बन्धमा" भनि यस समितिलाई सम्बोधन गरी आएको कागजातको सम्बन्धित निकायसँग विवरण जानकारी माग गर्ने निर्णय गरियो। | मा. राजीव गुरुङ्गज्यूसँग छलफल सम्पन्न भएको ।<br>सम्बन्धित निकायलाई पत्राचार गरिएको। |
| ४. | मितिः २०७७।०६।०६ | १. मिति २०७७।०४।०५ गते "गण्डकी काउ फर्म एण्ड रिसर्च सेण्टर"लाइ शेयर खरिद वापत रकम दिने गरी भएको प्रदेश सरकारको निर्णय सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिन गठित उपसमितिको प्रतिवेदन तयार गर्न समयाभाव भएको | उपसमितिको म्याद थप गरिएको। |

| | | | |
|---|---|---|---|
| | | कारण समयावधि थप गर्न उपसमितिबाट निर्णय गरी अनुरोध भै आएकोले म्याद समाप्त भएका मितिबाट लागू हुने गरी डेढ महिना समयावधि थप गर्ने ।<br>२. मिति २०७७।०६।१२ गते भौतिक पूर्वाधार विकास मन्त्रीज्यू, सचिव, (भौतिक पूर्वाधार विकास मन्त्रालय), जिल्ला पूर्वाधार कार्यालयका प्रमुखहरूज्यूलाई "भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रम, आयोजनाको प्रक्रिया र मोडालिटी" सम्बन्धमा छलफल गर्न उपस्थितिका लागि पत्राचार गर्ने । | सम्बन्धित मन्त्रालय र कार्यालयहरुमा पत्राचार गरिएको। |
| ५. | मिति : २०७७।०६।१२ | १. एजेण्डा १. भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रम, आयोजनाको प्रक्रिया र मोडालिटी र २. समितिको पहिलो बैठकदेखि भएका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा माथि गहन छलफल गरेको। | छलफल गरिएको। |
| ६. | मितिः २०७७।०६।१२ | १. यस भन्दा अगाडी समितिले गरेका निर्णय र कार्यान्वयनको स्थितिको बारेमा समितिका मा. सदस्यहरुलाई जानकारी प्राप्त भयो।<br>२. यस समितिले गरेका निर्णयको कार्यान्वयनको स्थितिका सम्बन्धमा प्राप्त हुन नआएका विषयवस्तुहरु सम्बन्धमा पुनः सम्बन्धित निकायबाट कार्यान्वयनको स्थिति बारे जानकारी माग गर्ने । | यस भन्दा अगाडी समितिले गरेका निर्णय र कार्यान्वयनको स्थितिको बारेमा समितिका मा. सदस्यहरुलाई जानकारी गराइएको।<br><br>पुनः पत्राचार गरिएको। |

| | | | |
|---|---|---|---|
| ७. | मिति : २०७७।०६।१८ | १. मिति २०७७।०६।२४ गते बजेट कार्यान्वयनको मोडालिटीको सम्बन्धमा छलफल र अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने ।<br><br>२. समितिलाई प्राप्त हुन आएको महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०७७ को सम्बन्धमा अध्ययन गरी समितिमा प्रारम्भिक छलफलका लागि एजेण्डा तयार गर्न मा.सभापतिज्यूलाई जिम्मेवारी दिने ।<br>३. गण्डकी काउ फर्म अध्ययन एवं प्रतिवेदन निर्माण उपसमितिले पेश गरेको अध्ययन प्रतिवेदन ग्रहण गरी समितिका मा. सदस्यहरूलाई उपलब्ध गराइयो, प्राप्त प्रतिवेदन उपर अध्ययन गरी आगामी बैठकमा आ-आफ्नो धारणा प्रस्तुत गर्ने । | छलफल तथा अन्तरक्रिया गरिएको।<br><br>एजेण्डा तयार गरी बैठक बसेको।<br><br>प्रतिवेदनको कपि अध्ययनका लागि उपलब्ध गराइएको। |
| ८. | मिति : २०७७।०६।२४<br>विहानः ११.३० बजे | १. बजेट वक्तव्यको बुँदा १४९ अनुसार बजेटमा समावेश कार्यक्रमलाई तोकिएको समयमा सम्पन्न गर्न आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा सम्पूर्ण प्रकृया पूरा गरी कार्यान्वयनमा जाने व्यवस्थालाई पूर्णतया पालना गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>२. आर्थिक वर्ष २०७६।०७७ को कन्टेन्जेन्सी वापत प्रदेश | भौतिक पूर्वाधार विकास मन्त्रालयलाई पत्राचार गरिएको तथा पत्रको उत्तर समेत प्राप्त भएको।<br><br>भौतिक पूर्वाधार विकास मन्त्रालयलाई पत्राचार गरी माग गरिएको र |

| | | | |
|---|---|---|---|
| | | सरकारलाई प्राप्त भएको रकम र उक्त रकमको खर्च विवरण भौतिक पूर्वाधार विकास मन्त्रालयसँग माग गर्ने। | सोको उत्तर समेत प्राप्त गरेको। |
| ९. | मिति : २०७७।०६।२४<br>दिनको: ३.२० बजे | आजको बैठकमा निर्धारित एजेण्डा माथि समितिका पदाधिकारी एवं अन्य सरोकारवालाहरु बिचको छलफल/ अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । | छलफल/ अन्तरक्रिया कार्यक्रम भएको |
| १०. | मिति :२०७७।११।१४ | सार्वजनिक लेखाको नीति निर्माण एवं कार्यान्वयनमा आई क्यानको भूमिका लगायत विविध पक्षहरु उपर छलफल एवं अनुभव आदान प्रदान सम्पन्न भयो । | सार्वजनिक लेखाको नीति निर्माण एवं कार्यान्वयनमा आई क्यानको भूमिका सम्बन्ध विषयमा बैठक बसेको |
| ११. | मिति : २०७७।१२।१२ | १. आई क्यान (इन्सटिटयूट अफ चार्टेड अकाउण्टेण्टस एसोसिएसन अफ नेपालसँग छलफल गर्ने कार्यक्रम तय गर्न सचिवालयलाई जिम्मेवारी प्रदान गर्ने।<br>२. कोरोनाकोषको सम्बन्धमा जानकारीका लागि कोरोनाकोषका जिम्मेवार पदाधिकारीलाई आमन्त्रण गरी छलफल गर्ने ।<br>३. महालेखा परिक्षकको कार्यालयले औंल्याएका प्रदेश सरकारका विभिन्न निकायहरुको बेरुजु फछ्यौंट सम्बन्धी अध्ययन गर्न सार्वजनिक लेखा समितिका सभापतिको संयोजकत्वमा देहाय | भएको<br>छलफल भएको |

| | | | |
|---|---|---|---|
| | | बमोजिम हुने गरी उपसमिति गठन गर्ने ।<br>क. मा. कुमार खड्का, सभापति, सार्वजनिक लेखा समिति — संयोजक<br>ख. मा. प्रभा कोइराला, सदस्य, सार्वजनिक लेखा समिति — सदस्य<br>ग. मा. रामजी बराल, सदस्य, सार्वजनिक लेखा समिति — सदस्य<br>घ. श्री सूर्य प्रसाद अधिकारी, ले.अ., प्रदेश सभा सचिवालय — सहयोगी कर्मचारी<br>ङ. श्री जितेन्द्र जंग केसी, सचिव, सार्वजनिक लेखा समिति — सदस्य सचिव<br>४. निर्णय नं. ३ बमोजिमको समितिको बैठकमा प्रमुख प्रदेश लेखा नियन्त्रकलाई आमन्त्रित गर्ने।<br>५. उक्त समितिको बैठकमा सम्बन्धित क्षेत्रका विज्ञहरुलाई आमन्त्रित गर्ने । | उपसमिति गठन गरिएको<br><br>समितिको बैठकमा प्रमुख लेखा नियन्त्रक तथा महालेखा परीक्षकबाट विज्ञहरुलाई आमन्त्रण गरिएको। |
| १२. | मितिः २०७७।१२।२४ | सार्वजनिक लेखा समितिको २०७६/०७७ को वार्षिक प्रतिवेदन सर्वसम्मत रुपले पारित गरियो। | भएको |

**३.२ कार्य सम्पादनमा देखा परेका समस्या :-**

- समितिलाई अध्ययन/भ्रमण, अन्तर्क्रिया/छलफल लगायतका कार्यक्रमका लागि पर्याप्त बजेटको व्यवस्था हुन सकेको छैन ।
- समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि आवश्यक वैदेशिक भ्रमण, अध्ययन, अनुभव आदान प्रदान, तालिम आदि उपलब्ध हुन सकेको छैन ।

# परिच्छेद - ४

# निष्कर्ष, सुझाव तथा सिफारिस

**४.१ निष्कर्ष :-** नेपालको संविधानको धारा १९३ मा रहेको व्यवस्था र गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ मा उल्लेखित काम कर्तव्य र अधिकारको सिमा भित्र रही यस समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका निकायहरु आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसंग सम्बन्धित विषयमा आवश्यकता अनुसार भूमिका निर्वाह गरि रहेको छ । सम्बन्धित मन्त्रालयहरुलाई आफ्नो नीति योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा आवश्यक राय सल्लाह तथा निर्देशन प्रदान गरी यस समितिले सरकारका क्रियाकलापलाई उत्तरदायी र जवाफदेही बनाउने प्रयास गर्दै आएको छ । साथै प्रत्येक वर्ष महालेखा परीक्षकको प्रतिवेदन माथि नियमित बैठक बसी गण्डकी प्रदेश सरकारका सबै मन्त्रालयहरुसँग बैठक बसी बेरुजु सम्बन्धी गहन छलफल र अन्तरक्रिया गर्दै आएको छ।

## ४.२ सुझाव तथा सिफारिस :-

१. समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक पर्ने समिति सभाकक्ष, सभापतिको कार्यकक्ष र समिति सचिवालय लगायत आधुनिक पूर्वाधारयुक्त भौतिक स्रोत साधनको व्यवस्था हुनु पर्ने ।

२. समितिको काम कारवाहीलाई प्रविधि मैत्री बनाउनु पर्ने ।

३. समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई नियमित रुपमा क्षमता अभिवृद्धिका कार्यक्रमहरुमा सहभागी गराउनु पर्ने।

४. समितिका सदस्य एवं कर्मचारीहरुलाई पर्याप्त मात्रामा अध्ययन/भ्रमण, अन्तर्क्रिया/छलफल लगायतका कार्यक्रमको लागि पर्याप्त बजेटको व्यवस्था गर्नु पर्ने ।

५. समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि आवश्यक वैदेशिक भ्रमण, अध्ययन, अनुभव आदान प्रदान, तालीम आदि उपलब्ध गराउनु पर्ने ।

# अनुसूची-१

## सार्वजनिक लेखा समितिमा रहेका माननीय सदस्य

| क्र.सं. | पदाधिकार | नाम |
|---|---|---|
| १ | सभापति | मा. रोशन बहादुर गाहा थापा |
| २ | सदस्य | मा. ओमकला गौतम |
| ३ | सदस्य | मा. गायत्री गुरुङ |
| ४ | सदस्य | मा. जुनादेवी नेपाली |
| ५ | सदस्य | मा. प्रकाशचन्द्र दवाडी |
| ६ | सदस्य | मा. भागवत प्रकाश मल्ल |
| ७ | सदस्य | मा. मन कुमारी गुरुङ्ग |
| ८ | सदस्य | मा. महेन्द्र बहादुर थकाली |
| ९ | सदस्य | मा. मायानाथ अधिकारी |
| १० | सदस्य | मा. मोहन प्रसाद रेग्मी |
| ११ | सदस्य | मा. रामबहादुर गुरूङ |
| १२ | सदस्य | मा. लेख बहादुर थापा |
| १३ | सदस्य | मा. विकास लम्साल |
| **सार्वजनिक लेखा समितिमा रहेका कर्मचारी** | | |
| १ | प्रदेश सभा सचिव | श्री हरिराज पोखरेल |
| २ | सचिव सा.ले.स. | श्री सूर्य प्रसाद अधिकारी |
| ३ | अधिकृत कर्मचारी | श्री चन्द्रकला बस्नेत |